# आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी समितिबाट स्वीकृत मितिः २०८१/०६/१४
पहिलो संशोधनः २०८२/०२/१४

**प्रस्तावनाः** खोज, उद्धार तथा राहत सामग्रीहरूको प्राप्ति, भण्डारण, प्याकेजिङ, पुनःप्याकेजिङ, ढुवानीका साथै उद्धार तथा राहत सामग्री र उपकरणहरूको आपूर्ति प्रणालीलाई सहज, सरल र सुदृढ तुल्याई विपद् प्रभावितहरूको उद्धार तथा राहत वितरणका लागि आपत्कालीन गोदामघरबाट शीघ्ररूपमा बन्दोबस्ती र आपत्कालीन सेवाहरू सञ्चालनसम्बन्धी व्यवस्थापकीय कार्य गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "आपत्कालीन गोदामघर सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यकारी समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिम गठित कार्यकारी समिति सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ सम्झनुपर्छ।

(घ) आपत्कालीन गोदामघर" भन्नाले ऐनको दफा ११ को खण्ड (फ) को प्रयोजनका लागि यसै कार्यविधिको दफा ४ बमोजिम राष्ट्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर र स्थानीय तहमा स्थापना भएका आपत्कालीन गोदामघरलाई सम्झनु पर्छ र सो शब्दले मानवीय सहायता स्थलको नाममा स्थापित आपत्कालीन गोदामघर वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र मानवीय सहायताका क्षेत्रमा क्रियाशील संघ संस्थाले आवश्यक यन्त्र, उपकरण र खाद्य तथा गैरखाद्य लगायतका मानवीय सहायता सामग्रीहरू प्राधिकरणको समन्वयमा भण्डारण गरी राखिएका अस्थायी तथा मोवाइल आपत्कालीन गोदामघर समेतलाई जनाउँछ।

(ङ) अन्य आपत्कालीन गोदामघर" भन्नाले यस कार्यविधिको दफा २० बमोजिम स्थापना भएको नेपाल रेडक्रस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रबाट सञ्चालित मानवीय सहायताका लागि सामग्री भण्डारण गरिएको आपत्कालीन गोदामघरलाई सम्झनु पर्छ।

(च) प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(छ) "बस्दोबस्ती" भन्नाले विपद् प्रतिकार्यका लागि आवश्यक जनशक्ति, उपकरण, खोज, उद्धार र राहत सामग्रीहरू तत्काल परिचालन गर्नसकिने गरी अग्रीम तयारी अवस्थामा (standby) राखी व्यवस्थापन गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनुपर्छ ।

(झ) "आपत्कालीन गोदामघर प्रमुख" भन्नाले आपत्कालीन गोदामघरको व्यवस्थापन कार्यको जिम्मा लिन तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(ञ) "निर्देशक समिति" भन्नाले यो कार्यविधिको दफा ६ बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## परिच्छेद - २

## कार्यक्षेत्र

**३. आपत्कालीन गोदामघरबाट सञ्चालन गरिने कार्यहरूः**

(१) आपत्कालीन गोदामघर सञ्चालनको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) विपद् प्रतिकार्यका लागि आपत्कालीन बन्दोबस्तीको पूर्वतयारी गर्ने।

(ख) मानवीय सहायताका निम्ति आवश्यक सामग्रीको प्राप्ति, सङ्कलन, अभिलेख, व्यवस्थापन र भण्डारण गर्ने।

(ग) उद्धार तथा राहत सामग्रीलाई विपद् प्रभावित स्थानमा परिचालनको व्यवस्था मिलाउने।

(घ) म्याद गुज्रेका, गुणस्तरहीन र टुटफुट वा अन्य कारणले उपयोग योग्य नरहेका अवस्थाका उद्धार एवम् राहत सामग्रीको सुरक्षित विसर्जन गर्ने।

(ङ) आपत्कालीन गोदाम घरमा रहेका मेशिन, उपकरण, इन्धन र सामग्रीहरूको भण्डारण, सञ्चालन, मर्मत सम्भार र सुरक्षा गर्ने।

(च) उद्धार तथा राहत सामग्री वितरणका लागि सबै तहका गोदाम घरबीच आपसी समन्वय र सूचना सम्प्रेषण गर्ने।

(छ) आपत्कालीन गोदामघर सञ्चालनमा खटिने कर्मचारीहरूका लागि तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।

(ज) आपत्कालीन गोदामघर सञ्चालनार्थ आवश्यक अन्य कार्यहरू गर्ने।

(२) मानवीय सहायताका क्षेत्रमा क्रियाशील निकाय तथा संघ संस्थाहरूको खोज, उद्धार र राहत सामग्री भण्डारणका लागि आपत्कालीन गोदाम घरमा स्थान उपलब्ध गराउन सकिनेछ। यसरी भण्डारण गरिएको सामग्रीको व्यवस्थापन तथा परिचालन सम्बन्धित संघ संस्थाको समन्वयमा गरिनेछ ।

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## परिच्छेद - ३
## आपत्कालीन गोदाम घरहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**४. आपत्कालीन गोँदाम घरको स्थापनाः**

(१) प्राधिकरणले मन्त्रालयसँगको समन्वयमा संघीय राजधानी र अन्य उपयुक्त स्थानमा राष्ट्रिय आपत्कालीन गोदाम घरको स्थापना गर्न सक्नेछ।

(२) प्रदेश सरकारको विपद् हेर्ने मन्त्रालयले प्रदेशस्तरको, जिल्ला प्रशासन कार्यालयले जिल्ला स्तरको र स्थानीय तहले स्थानीय स्तरको आपत्कालीन गोदामघर स्थापना तथा सञ्चालन गर्नेछन्। उल्लिखित आपत्कालीन गोदामघर स्थापना गर्दा सम्बन्धित तहको विपद् व्यवस्थापन समितिबाट निर्णय गर्नुपर्नेछ।

(३) प्रदेश तहमा हाल सञ्चालनमा रहेका गोदाम घरहरू प्रदेशस्तरीय आपत्कालीन गोदाम घरका रूपमा सञ्चालन गर्ने गरी प्राधिकरणको सिफारिसमा मन्त्रालयले निर्णय गरी प्रदेश सरकारको विपद् हेर्ने मन्त्रालयलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम स्थापना भएका आपत्कालीन गोदामघर प्रमुखको रूपमा कार्य गर्ने गरी दफा १० बमोजिमका अधिकारीले कम्तीमा अधिकृतस्तरको कर्मचारी तोक्नु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम स्थापना र सञ्चालन हुने आपत्कालीन गोदाम घरहरू लैङ्गिक एवं अपाङ्गतामैत्री हुनुपर्नेछ।

**५. आपत्कालीन गोदामघर सञ्चालनः**

(१) प्राधिकरणले संघीय राजधानी र अन्य उपयुक्त स्थानमा स्थापना भएका राष्ट्रिय आपत्कालीन गोदाम घरको सञ्चालन गर्नेछ। साथै प्रदेश तथा स्थानीय तहमा स्थापना भएका आपत्कालीन गोदाम घरहरू यो कार्यविधिको अधीनमा रही सोही तहबाट सञ्चालन हुनेछन्।

(२) आपत्कालीन गोदाम घरको सञ्चालन आपत्कालीन कार्यसञ्चालन केन्द्रको निकटतम सम्पर्क र समन्वयमा गरिनेछ।

(३) दफा ४ को उपदफा (२) बमोजिम जिल्लास्तरमा स्थापित आपत्कालीन गोदामघरको सञ्चालन जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय तथा निर्णयको अधीनमा रही यस कार्यविधिमा व्यवस्था भए बमोजिम गरिनेछ।

(४) स्थानीय तहले मानवीय सहायता सामग्री वितरण गर्दा आवश्यकताअनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्नुपर्नेछ।

(५) विपद् प्रतिकार्यको समयमा आपत्कालीन गोदामघरहरू २४ सै घण्टा सञ्चालनमा रहनेछन् ।

(६) प्रदेश, जिल्ला वा स्थानीय आपत्कालीन गोदाम घरहरूको सञ्चालन गर्दा प्राधिकरणसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

**५.(क) आपत्कालीन गोदामघरको हस्तान्तरणः** नेपाल सरकारसँग भएको सम्झौता बमोजिम सञ्चालित वा सञ्चालनको जिम्मा प्राप्त भएका आपत्कालीन गोदामघरहरू सञ्चालन वा सोको जिम्मा प्राप्त गरेको संघ संस्थाले मन्त्रालयबाट निर्णय भए बमोजिमको निकायमा निर्धारित अवधिभित्र हस्तान्तरण गर्नु पर्नेछ। हस्तान्तरण हुनुपुर्व उल्लिखित अवधिमा आपत्कालीन गोदामघरको संरक्षण, सुरक्षा र सरसफाईको व्यवस्था सम्बन्धित संघ संस्थाले नै गर्नुपर्नेछ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

६. **निर्देशक समितिको गठनः**

(१) आपत्कालीन गोदामघर सञ्चालन कार्यको नीतिगत निर्देशन गर्न देहाय बमोजिमको आपत्कालीन गोदामघर व्यवस्थापन निर्देशक समिति रहने छ ।

(क) कार्यकारी प्रमुख, प्राधिकरण - अध्यक्ष

(ख) सहसचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, मन्त्रालय - सदस्य

(ग) सहसचिव, प्राधिकरण - सदस्य

(घ) प्रमुख, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा अध्यक्षले आवश्यकता अनुसार संघीय निकायका प्रतिनिधि र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै तय गर्नेछ ।

७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

(१) आपत्कालीन गोदामघर व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यस कार्यविधि अन्तर्गत स्थापना भएका आपत्कालीन गोदाम घरको सञ्चालनमा आवश्यक समन्वय गर्ने।

(ख) आपत्कालीन गोदामघर सञ्चालनमा कुनै बाधा व्यवधान देखा परेमा सो समाधानको लागि मन्त्रालयसँग समन्वय गर्ने।

(ग) यस कार्यविधिअन्तर्गत स्थापना भएका आपत्कालीन गोदाम घरहरूको अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा सम्बन्धित निकायलाई लेखी पठाउने।

(ग).१) राष्ट्रिय तथा प्रदेश आपत्कालीन गोदामघरमा मौज्दात रहेका आपत्कालीन खोज, उद्धार र राहत सामग्रीका सम्बन्धमा आवश्यकता बमोजिम निरीक्षण गरी भण्डारको अवस्थाको जानकारी लिने र आवश्यक निर्देशन गर्ने।

(घ) आपत्कालीन गोदाम घरको प्रभावकारी सञ्चालन गर्न आवश्यक अन्य कार्य गर्न निर्देशन दिने।

(ङ) कार्यकारी समितिको निर्देशन अनुसारका अन्य कार्यहरू गर्ने ।

७.(क) **राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समितिः**

(१) राष्ट्रिय आपत्कालीन गोदामघरमा रहेका खोज, उद्धार र राहत सामग्रीको निकासी गर्न तथा ती सामग्रीको पुनर्भरण र व्यवस्थापन गर्न एक राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) मन्त्रालयको विपद् हेर्ने शाखा प्रमुख - सदस्य

(ग) प्राधिकरणको प्रतिकार्य हेर्ने शाखा प्रमुख - सदस्य

(घ) राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको प्रमुख - सदस्य

(ङ) आपत्कालीन गोदामघर प्रमुख -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(४) उपदफा (२) बमोजिमको राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछः-

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(क) राष्ट्रिय आपत्कालीन गोदामघरमा रहेका खोज, उद्धार र राहत सामाग्रीहरू तत्काल परिचालन गर्न सकिने गरी अग्रीम तयारी अवस्थामा राख्ने,

(ख) सम्भावित आपत्कालीन अवस्थामा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामाग्रीहरूको समयमा नै आँकलन गरी पुनर्भरण लगायतको व्यवस्थापन गर्ने,

(ग) भविष्यमा हुन सक्ने विपद्को आँकलन गरी राष्ट्रिय आपत्कालीन गोदामघरमा भण्डारणका लागि आवश्यक सामग्रीहरू तथा नपुग सामग्रीहरूको विश्लेषण गरी भण्डारण गर्नुपर्ने सामग्रीहरूको सङ्कलन, संरक्षण तथा व्यवस्थापन गर्ने,

(घ) आवश्यकता अनुसार राष्ट्रिय आपत्कालीन गोदामघरमा भण्डारण रहेका सामाग्रीहरूको उपलब्धता अनुसार राष्ट्रिय आपत्कालीन गोदामघर व्यवस्थापन समितिको निर्णय बमोजिम निकासी गर्ने,

(ङ) आपत्कालीन अवस्थामा बैठक बस्न नसकि तत्काल निकासा दिनु परेको अवस्थामा अन्य सदस्यसँग परामर्शमा संयोजकको निर्देशन बमोजिम निकासी दिइएको सामग्रीहरूको सम्बन्धमा निर्णय गर्ने,

(च) राष्ट्रिय आपत्कालीन गोदामघरमा रहेका सामग्रीहरू वितरण वा निकासा भए पश्चात आपत्कालीन गोदामघरमा रहेका बाँकी सामग्रीहरूको विवरण अध्यावधिक गर्ने,

(छ) निर्देशक समितिको निर्देशन बमोजिमका आवश्यक अन्य कार्य गर्ने,

(ज) कार्य प्रगतिको अवस्थाबारे निर्देशक समितिलाई आवधिक रूपमा जानकारी गराउने,

(झ) कम्तीमा छ महिनाको एक पटक राष्ट्रिय आपत्कालीन गोदामघरको अनुगमन गर्ने र सोको प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने,

(ञ) आवश्यकता अनुसार प्रदेश, जिल्लास्तर तथा स्थानीयतहका आपत्कालीन गोदामघरको अनुगमन गर्ने र आवश्यक सुझाव दिने।

**७.(ख) प्रदेश आपत्कालीन गोदामघर व्यवस्थापन समितिः**

(१) प्रदेशस्तरको आपत्कालीन गोदामघरमा रहेका खोज, उद्धार र राहत सामग्रीको निकासी गर्न तथा ती सामग्रीको पुनर्भरण र व्यवस्थापन गर्न एक प्रदेश आपत्कालीन गोदामघर व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश आपत्कालीन गोदामघर व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित प्रदेशको विपद् हेर्ने मन्त्रालयको सचिव - संयोजक

(ख) सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विपद् हेर्ने महाशाखा प्रमुख - सदस्य

(ग) आपत्कालीन गोदामघर रहेको जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) सम्बन्धित प्रदेशको आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख - सदस्य

(ङ) आपत्कालीन गोदामघर प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा कार्य प्रभावकारिताको लागि प्रदेश सरकारले सामान्य हेरफेर वा पुनरावलोकन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रदेश आपत्कालीन गोदामघर व्यवस्थापन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(५) उपदफा (२) बमोजिमको प्रदेश आपत्कालीन गोदामघर व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रदेश आपत्कालीन गोदामघरमा रहेका खोज, उद्धार र राहत सामाग्रीहरू तत्काल परिचालन गर्न सकिने गरी अग्रीम तयारी अवस्थामा राख्ने,

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(ख) सम्भावित आपत्कालीन अवस्थामा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामाग्रीहरूको समयमा नै आँकलन गरी पुनर्भरण लगायतको व्यवस्थापन गर्ने,

(ग) भविष्यमा हुन सक्ने विपद्को आँकलन गरी प्रदेश आपत्कालीन गोदामघरमा भण्डारणका लागि आवश्यक सामग्रीहरू तथा नपुग सामग्रीहरूको विश्लेषण गरी भण्डारण गर्नुपर्ने सामग्रीहरूको सङ्कलन, संरक्षण तथा व्यवस्थापन गर्ने,

(घ) आवश्यकता अनुसार प्रदेश आपत्कालीन गोदामघरमा भण्डारण रहेका सामाग्रीहरूको उपलब्धता अनुसार निकासी गर्ने,

(ङ) आपत्कालीन अवस्थामा बैठक बस्न नसकि तत्काल निकासा दिनु परेको अवस्थामा अन्य सदस्यसँग परामर्शमा संयोजकको निर्देशन बमोजिम निकासी दिइएको सामग्रीहरूको सम्बन्धमा निर्णय गर्ने,

(च) प्रदेश आपत्कालीन गोदामघरमा रहेका सामग्रीहरू वितरण वा निकासा भए पश्चात आपत्कालीन गोदामघरमा रहेका बाँकी सामग्रीहरूको विवरण अध्यावधिक गर्ने,

(छ) निर्देशक समितिको निर्देशन बमोजिमका आवश्यक अन्य कार्य गर्ने,

(ज) कार्य प्रगतिको अवस्थाबारे प्रदेश सरकार तथा निर्देशक समितिलाई आवधिक रूपमा जानकारी गराउने,

(झ) कम्तीमा छ महिनाको एक पटक प्रदेश आपत्कालीन गोदामघरको अनुगमन गर्ने र सोको प्रतिवेदन प्रदेश सरकार तथा निर्देशक समितिमा पेश गर्ने,

(ञ) आवश्यकता अनुसार जिल्लास्तर तथा स्थानीय तहका आपत्कालीन गोदामघरको अनुगमन गर्ने र आवश्यक सुझाव दिने।

**८. सामान्य अवस्थामा आपत्कालीन गोदाम घरको सञ्चालनः**

(१) सामान्य अवस्थामा आपत्कालीन गोदाम घरको सञ्चालन देहाय बमोजिम हुने गरी आपत्कालीन गोदामघर प्रमुखले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(क) आपत्कालीन गोदाम घरमा रहेका सामग्रीको परिचालन भण्डारण र अभिलेख व्यवस्थापन;

(१) आपत्कालीन गोदाम घरमा रहेका मेशिन, उपकरण, औजार, साधन, प्रविधि तथा सामग्रीहरू तत्काल उपयोग हुनसक्ने गरी सामानको प्रकृति र गुणस्तर अनुसार सुरक्षित भण्डारण गरी राख्ने।

(२) मालसामानको अभिलेखको विवरण विपद् पोर्टलको गोदाम इन्भेन्टरी प्रणालीमा प्रविष्टि गरी विवरण अद्यावधिक गर्ने।

(३) निश्चित तापक्रम कायम राख्नु पर्ने औषधी तथा सामग्रीहरूको तापक्रम व्यवस्थापन गर्न आवश्यक प्रवन्ध गर्ने।

(४) एक प्रदेशको आपत्कालीन गोदामघरबाट अर्को प्रदेशको आपत्कालीन गोदामघरमा सामग्री पठाउनु पर्ने भएमा औचित्यता समेतलाई विश्लेषण गरी सम्बन्धित दुवै प्रदेशको विपद् व्यवस्थापन समितिको निर्णयबाट गर्न सकिनेछ। यसरी पठाउने र प्राप्त हुने सामग्रीहरूको अभिलेखिकरण सम्बन्धित प्रदेशले प्राधिकरणले सञ्चालन गरेको गोदाम सम्बन्धी सूचना प्रणालीमा अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्ने छ।

(ख) आपत्कालीन गोदाम घरमा रहेका सामग्रीको मर्मत सम्भार र सरसफाई;

(१) मेशिन तथा उपकरण (जेनेरेटर, फोर्कलिफ्ट, एअरकण्डिसन आदि) र अन्य सामानहरू (जस्तैः विजुलीबाट चल्ने सरसामान, विद्युतीय ग्याजेट, खानेपानी प्रणाली, इन्धन भण्डारण आदि) को समय-तालिका बनाई तिनको प्रकृति र अवस्था अनुसार नियमित जाँच, मर्मत सम्भार र नवीकरण गर्ने।

(२) आपत्कालीन गोदामघर परिसरमा रहेका चल अचल सम्पत्तिको नियमित रूपमा सरसफाई गर्ने।



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(३) मेशिन तथा उपकरणको, मर्मत सम्भार र सरसफाईको लागि साथै परिआएको बखत तत्काल सेवा लिन वा दिन सक्ने अनुबन्ध करार (स्ट्याण्डवाई एग्रीमेण्ट) गरी अविच्छिन्न सेवा प्रवाहको प्रवन्ध गर्ने।

(ग) आपत्कालीन गोदाम घरको सुरक्षा व्यवस्था;

(१) मन्त्रालयसँगको समन्वय र सहकार्यमा आपत्कालीन गोदामघर सुरक्षा योजना तयार गरी राष्ट्रिय आपत्कालीन गोदामघरको सुरक्षा व्यवस्था मिलाउने र प्रदेशस्तर तथा स्थानीय तहमा सञ्चालित आपत्कालीन गोदामघरहरूको हकमा सम्बन्धित तहले सुरक्षा योजना बनाई सुरक्षा व्यवस्था मिलाउने

(२) आपत्कालीन गोदाम घरको सुरक्षा प्रबन्ध मन्त्रालय, प्राधिकरण, सम्बन्धित प्रदेश सरकारको विपद् व्यवस्थापन सम्बन्धी काम हेर्ने मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय सरकारको सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा मिलाउने।

(३) गोदाम घरमा रहेका मानवीय सहायता सामग्रीहरूको आवश्यकता अनुसार बिमा गर्न प्रक्रिया अगाडि बढाउने।

## ९. विपद् प्रतिकार्यको समयमा आपत्कालीन गोदामघर सञ्चालनः

(१) विपद् प्रतिकार्यको समयमा आपत्कालीन गोदामघर प्रमुखले देहाय बमोजिमका काम कारवाही गर्नु गराउनु पर्नेछ।

(क) आपत्कालीन गोदाम घरमा बन्दोबस्तीको व्यवस्थापन तथा सञ्चालन;

(१) विपद् प्रतिकार्यका लागि आपत्कालीन गोदाम घर, कार्यालय साथै मोबाइल स्टोरेज युनिट स्थापना गर्ने।

(२) आपत्कालीन गोदाम घरको हाताभित्र मानवीय क्षेत्रमा क्रियाशील निकाय र संघसंस्थाको लागि स्थान छुट्याउने।

(३) जनशक्तिको व्यवस्थापन र परिचालन गरी बन्दोबस्ती सेवाहरू सुचारू गर्ने।

(४) आपत्कालीन गोदाम घरको सञ्चालन गर्न आवश्यक थप सहायताको योजना तयार गरी सम्बन्धित तहको आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकाय, प्राधिकरण र मन्त्रालयमा लेखी पठाउने।

(५) विपद् प्रभावित क्षेत्रमा मानवीय सहायता सामग्री वितरण गर्नु पर्दा राष्ट्रिय तथा प्रदेशस्तरका गोदाम घरहरूले सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा स्थानीय तहको आपत्कालीन गोदाम घरमार्फत वितरणको व्यवस्था मिलाउनु पर्छ। तर आपत्कालीन अवस्थामा आवश्यक समन्वय गरी सम्बन्धित गोदाम घर प्रमुखले सामग्री वितरण गर्न सक्नेछ।

(६) विपद् प्रभावित क्षेत्रमा वितरण गर्ने मानवीय सहायता सामग्री अपुग भएमा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिमार्फत निर्णय गराई तत्काल जिल्ला र स्थानीय आपत्कालीन गोदामघर प्रमुखले राष्ट्रिय र प्रदेशस्तरको आपत्कालीन गोदाम घरमा माग गरी पठाउनु पर्नेछ ।

(ख) आपत्कालीन गोदाम घरमा मानवीय सहायता सामग्रीको प्राप्ति;

(१) संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, सम्बन्धित निकाय र साझेदार संस्थाहरूबाट मानवीय सहायता सामग्रीको नियमानुसार प्राप्ति वा सङ्कलन गर्ने।

(२) उद्धार तथा राहत सामग्रीहरू प्राप्त गर्दा विपद् पोर्टलमा रहेको गोदाम इन्भेन्टरी र कानुन बमोजिम अनिवार्य रूपमा जिन्सी आम्दानीको रूपमा अभिलेख राख्ने।

(ग) मानवीय सहायता सामग्रीको भण्डारण र परिचालन;

८०।१०।६

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(१) आपत्कालीन गोदाम घरमा खरिद गरिएका वा प्राप्त सामग्रीहरू मोबाईल स्टोरेज युनिट वा खाली कन्टेनरमा भण्डारण गर्ने। आपत्कालीन गोदाम घरमा पर्याप्त स्थान नभएमा अस्थायी रूपमा नेपाल सरकारले सञ्चालनमा ल्याएका सुख्खा बन्दरगाहस्थित आपत्कालीन गोदामघर अथवा नेसनल ट्रेडिङ लगायतका आपत्कालीन गोदामघर प्रयोग गर्न सकिनेछ।

(२) सामग्रीहरू भण्डारण तथा एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्दा सुरक्षा तथा संरक्षणका लागि प्रचलित अभ्यास लागु गर्ने।

(३) सामग्रीहरू स्टोर दाखिला भएको मिति, विशिष्ट गुण, संख्या वा परिमाण र सामग्रीको म्याद समाप्तिको विवरण सहित कम्प्यूटर प्रणाली (विपद् पोर्टलको गोदाम इन्भेन्टरी) मा अद्यावधिक गर्ने।

(४) उद्धार तथा राहत सामग्रीको गुणस्तर कायम हुने गरी परीक्षण, भण्डारण र वितरण गर्ने।

(घ) मानवीय सहायता सामग्रीहरूको परिचालन;

(१) मानवीय सहायता सम्बन्धी खोज, उद्धार तथा राहत सामग्रीहरू सम्बन्धित विपद् उद्धारक, विपद् प्रभावितहरूले जतिसक्दो छिटो प्राप्त गर्ने गरी मानवीय सहायता सामग्री वितरण गर्ने स्थानमा पुग्ने गरी पठाउने।

(२) मानवीय सहायता सामग्रीलाई आपत्कालीन गोदामघरबाटनिकासा गर्दा First in first out (FIFO) सिद्धान्तका आधारमा गर्ने ।

(३) सामग्री पठाउँदा चलानीको विवरण राखी उक्त चलानीको प्रति सवारी चालकको साथमा एक प्रति र प्रापकलाई एक प्रति उपलब्ध गराउने।

(४) आपत्कालीन अवस्थामा अन्तराष्ट्रिय मुलुकबाट प्राप्त एवं अर्को मुलुकमा पठाउने गरी निर्णय भएका मानवीय सहायता सामग्रीहरूलाई राष्ट्रिय गोदाम घरमा राखे व्यवस्था मिलाउने।

(ङ) अभिलेख व्यवस्थापन;

(१) प्रत्येक सामग्री प्राप्त गरेको भर्पाई र चलानी गरेको रसिद बमोजिमको सामानको विवरण दाखिला पुस्तिका वा तोकिएको फारम वा ढाँचामा अभिलेख राख्ने।

(२) आपत्कालीन गोदाम घरमा सामग्री प्राप्त वा चलानी हुने वित्तिकै विपद् पोर्टलको गोदाम इन्भेन्ट्रिमा नियमित अद्यावधिक गर्ने। उपयुक्त तरिका प्रयोग गरी तथ्याङ्कको व्यवस्थित भण्डारण र ब्याकअप राख्ने।

(च) मौज्दात खाली एवम् विसर्जन;

(१) म्याद गुज्रिएका एवम् टुटफुट भई प्रयोग गर्न अनुपयुक्त भएका मानवीय सहायताका सामग्रीहरू नियमानुसार विर्सजनको व्यवस्था मिलाउने । आपत्कालीन गोदाम घरमा सहभागी निकाय र संघसंस्थाहरूबीच विसर्जनमा लाग्ने खर्च आपसी समझदारीमा बाँडफाँड गरी ब्यहोर्ने सम्बन्धमा आवश्यक समन्वय गर्ने।

(२) विपद् प्रतिकार्य समाप्त भएपश्चात आपत्कालीन गोदाम घरमा अनावश्यक सामग्री सम्बन्धित निकाय वा संघसंस्थाहरूबीच समन्वय गरी हटाउने वा प्रचलित कानून बमोजिम धुल्याउने वा विसर्जन गर्ने।

(छ) आपत्कालीन गोदाम घरको आपत्कालीन प्रतिकार्य (बन्दोबस्ती) सेवा स्थगन;

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(१) मानवीय सहायताका लागि स्थापना गरिएका बन्दोबस्तीका संरचनाहरू आपत्कालीन प्रतिकार्य समाप्त भई आपत्कालीन गोदामघरबाट सेवा सञ्चालन स्थगन भएपछि एक महिनाभित्र सम्बन्धित भण्डार वा कण्टेनरमा सुरक्षित तरिकाले राख्ने।

(२) आपत्कालीन गोदाम घरको आपत्कालीन कार्यसञ्चालन स्थगन भएपछि आवश्यकता अनुसार बन्दोबस्तीका संरचनाहरू (जस्तैः मोबाईल स्टोरेज युनिट) तयारी (सेटअप) अवस्थामा राख्ने।

(३) आपत्कालीन गोदाम घरको कण्टेनरमा राख्नुभन्दा पहिले मेशिन, उपकरण र औजारहरूको उचित सर्भिसिङ्ग तथा मर्मत सम्भार गर्ने।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त विपद् प्रतिकार्यको समयमा आपत्कालीन गोदामघरबाट गर्नु गराउनुपर्ने थप कामका बारेमा प्राधिकरणले आवश्यक थप व्यवस्था गर्न सक्नेछ।

**१०. आपत्कालीन गोदामघर प्रमुख तोक्नु पर्नेः**

(१) आपत्कालीन गोदामघरमा रहेका सामग्रीको भण्डारण, संरक्षण, अभिलेखन तथा परिचालन सम्बन्धी कार्यको लागि प्रत्येक आपत्कालीन गोदामघरमा एक जना प्रमुख रहने छ।

(२) प्राधिकरणको कार्यकारी प्रमुखले तोकेको कम्तीमा प्राधिकरणको अधिकृतस्तरको कर्मचारी राष्ट्रिय आपत्कालीन गोदामघर प्रमुख हुनेछ।

(३) प्रदेशको विपद् हेर्ने मन्त्रालयको सचिवले तोकेको कम्तीमा अधिकृतस्तरको कर्मचारी प्रदेश आपत्कालीन गोदामघर प्रमुख हुनेछ।

(४) प्रमुख जिल्ला अधिकारीले तोकेको कर्मचारी जिल्ला आपत्कालीन गोदामघर प्रमुख हुनेछ।

(५) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी स्थानीय आपत्कालीन गोदामघर प्रमुख हुनेछ।

(६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिमका आपत्कालीन गोदामघर प्रमुखले सम्बन्धित आपत्कालीन गोदामघरमा रहेका सामग्रीको अभिलेखन, व्यवस्थित भण्डारण र परिचालनका लागि तयारी अवस्थामा राख्ने र त्यस्ता सामग्रीको व्यवस्थापन गर्नु पर्नेछ।

(७) यस कार्यविधिमा अन्यत्र व्यवस्था भएका कार्यका अतिरिक्त उपदफा (१), (२), (३), (४) र (५) बमोजिमका आपत्कालीन गोदामघर प्रमुखले आफूले गरेका कार्य र आपत्कालीन गोदामघरमा भएका कार्य प्रगतिको अवस्थाबारे सम्बन्धित निकायलाई आवधिक रूपमा जानकारी गराउनु पर्नेछ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## परिच्छेद- ४
## आपत्कालीन गोदाम घरको जनशक्ति व्यवस्थापन र परिचालन

**११. आपत्कालीन गोदामघरको लागि जनशक्ति व्यवस्थापनः**

(१) राष्ट्रिय आपत्कालीन गोदामघरहरूको लागि चाहिने आवश्यक जनशक्तिको व्यवस्थापन मन्त्रालयसँगको समन्वयमा प्राधिकरणले गर्नेछ।

(२) प्रदेशस्तर र स्थानीय तहमा सञ्चालित आपत्कालीन गोदामघरका लागि चाहिने आवश्यक जनशक्तिको व्यवस्थापन सम्बन्धित तहले गर्नु पर्नेछ।

(३) कुनै सुरक्षा निकायका जनशक्ति परिचालन गरी व्यवस्थापन गर्नु पर्ने भएमा प्राधिकरणले मन्त्रालयसंग समन्वय गर्नुपर्नेछ।

(४) विपद्को समयमा आवश्यकता अनुसार रेडक्रस लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार संस्थाबाट थप जनशक्ति परिचालन गर्न सकिनेछ र अन्तर्राष्ट्रिय साझेदार संस्थाबाट थप जनशक्ति परिचालन गर्नु अघि मन्त्रालय मार्फत स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ।

(५) प्राधिकरणले विपद् प्रतिकार्यको समयमा ऐनको दफा १३ बमोजिम अन्य निकायबाट कर्मचारी काजमा ल्याई आपत्कालीन गोदामघरमा थप जनशक्तिको प्रबन्ध गरी परिचालन गर्ने गराउनेछ।

**१२. परामर्श वा करार सेवा लिन सकिनेः**

(१) आपत्कालीन गोदामघर सञ्चालनको क्रममा आवश्यकता बमोजिम विज्ञ व्यक्ति वा संस्थाबाट परामर्श वा करार सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा लिनका लागि देहाय बमोजिम गर्नुपर्नेछ।

(क) राष्ट्रिय आपत्कालीन गोदामघर सञ्चालनका लागि प्राधिकरणले सम्बन्धित विषयको विज्ञ, दक्ष प्राविधिक वा सो सेवा प्रदान गर्ने संस्थाबाट सेवा लिन सक्नेछ।

(क) प्रदेशस्तरीय आपत्कालीन गोदामघर सञ्चालनका लागि प्रदेश सरकारको विपद् हेर्ने मन्त्रालयले सम्बन्धित बिषयको विज्ञ, दक्ष प्राविधिक वा सो सेवा प्रदान गर्ने संस्थाबाट सेवा लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सेवा प्रदायकको सेवा शुल्क तथा अन्य सुविधा साझेदार संस्थाले उपलब्ध गराउने हकमा उक्त संस्थाको नियम बमोजिम र नेपाल सरकारको निकायबाट भुक्तानी गर्ने भए प्रचलित कानून बमोजिम गरिने करार/सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**१३. बीमा सम्बन्धी व्यवस्थाः**

(१) आपत्कालीन गोदामघर एवम् अन्य आपत्कालीन गोदामघर र ती संरचनाभित्र रहेका मानवीय सहायता सम्बन्धी खोज, खोज, उद्धार र राहत सामग्री तथा उपकरणहरूको बीमा आपत्कालीन गोदामघर सञ्चालन गर्ने सम्बन्धित निकायले र अन्य गोदाम घरका हकमा सम्बन्धित संघसंस्थाले गर्नु गराउनु पर्नेछ।

**१४. आपत्कालीन गोदाम घरमा खटिने जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिताः**

(१) आपत्कालीन गोदाम घरमा खटिने कर्मचारी, कामदार र स्वयंसेवकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ।

(क) सुरक्षात्मक उपायहरू अपनाई यसका नियम र मापदण्ड पालना गर्ने।

(ख) निष्पक्षता लगायतका मानवीय सहायतासम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तको पालना गर्ने।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवक आचारसंहिताको पालना गर्ने।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(घ) स्थानीय धर्म संस्कृति र रीतिरिवाजको सम्मान गर्ने।

(ङ) लिङ्ग, उमेर, शारीरिक मानसिक अवस्था, जातजाति, धर्मको आधारमा कसैमाथि प्रतिकूल हुने गरी भेदभाव नगर्ने, नगराउने।

(च) अपाङ्गता भएका, बालबालिका, बृद्धबृद्धा लगायतका जोखिममा रहेका व्यक्ति वा समुदायको आधाभुत मानव अधिकारको सम्मान र रक्षा गर्ने।

(छ) खोज, उद्धार तथा राहत सामग्री एवम् तत्सम्बन्धित बन्दोबस्ती सेवालाई अन्य प्रयोजनमा नलगाउने, लगाउन नदिने।

(ज) सहायतास्थललाई लैङ्गिक हिंसामुक्त र सामाजिक भेदभावमुक्त बनाई उपलब्ध स्थानको उच्चतम उपयोग गर्ने।

(झ) सहायता सामग्रीको प्राप्ति, भण्डारण, सुरक्षा, आपत्कालीन गोदामघरबाट निकासी, ढुवानी, हस्तान्तरण र विद्युतीय अभिलेख व्यवस्थापनमा उच्च नैतिक निष्ठा र उत्तरदायित्व वहन गर्ने।

(२) उपदफा (१) मा उल्लिखित आचारसंहिताका अतिरिक्त प्रचलित कानून र अन्य उपयुक्त विषयहरूको पालना गर्न गराउन आपत्कालीन गोदामघर प्रमुखले थप आचारसंहिता लागु गर्न सक्नेछ।

दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## परिच्छेद-५
## सरोकारवालाको भूमिका

**१५. मन्त्रालयको भूमिकाः**

(१) आपत्कालीन गोदाम घरको सञ्चालन तथा व्यवस्थापन गर्न गराउनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ।

(क) गोदाम घरको सञ्चालन तथा व्यवस्थापन कार्यमा प्राधिकरणलाई नीतिगत निर्देशन दिने,

(ख) वैदेशिक सहयोग प्राप्त हुने एवं राहतउद्धारका लागि साझेदार संस्थाहरूले आयात गरी विभिन्न तहका सरकारका निकायमार्फत वा सरकारी निकायको रोहवरमा विपद प्रभावितहरूलाई वितरण गर्ने आपतकालीन सहायता सामग्रीकोको भन्सार विन्दूमा लाग्ने कर दस्तुर तथा अन्य शुल्कहरू छूटका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने,

(ग) आपत्कालीन अवस्थामा अन्तराष्ट्रिय सहायताको आह्वान गर्ने ।

(घ) वित्तीय स्रोत एवं मानव संसाधनको व्यवस्थापनका लागि प्राधिकरणको अनुरोधबमोजिम सम्बन्धित निकायसँग समन्वय गर्ने।

(२) मन्त्रालयले राष्ट्रिय आपत्कालीन गोदामघर सञ्चालन तथा व्यवस्थापनको कार्यमा सुरक्षा निकाय परिचालन गर्न आवश्यक समन्वय गरिदिन सक्नेछ।

**१६. प्राधिकरणको भूमिकाः**

(१) प्राधिकरणको भूमिका देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम आपत्कालीन गोदाम घरको सञ्चालन गर्ने।

(ख) राष्ट्रिय आपत्कालीन गोदामघर सञ्चालनको लागि जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने।

(ग) आपत्कालीन गोदाम घरको सञ्चालनका लागि सामान्य अवस्था र विपद् प्रतिकार्यको अवस्थामा आवश्यकता अनुसार अतिरिक्त जनशक्ति र स्रोतको परिचालन गर्ने।

(घ) राष्ट्रिय गोदाम सूचना प्रणाली (godam MIS) लाई संस्थागत गरी सम्पूर्ण तथ्यांक र विवरण प्रविष्टी गर्ने वा प्रविष्टिका लागि सहजीकरण गर्ने। प्रदेश र स्थानीय तहमा प्रणाली स्थानीयकरण गर्न सहयोग गर्ने।

(ङ) आपत्कालीन गोदाम घरको स्थापना, सञ्चालन र विस्तारका लागि आवश्यक पर्ने स्थान र साधनश्रोतको व्यवस्थापन तथा यसका लागि सरोकारवाला निकायसँग आवश्यक सहयोग तथा समन्वय गर्ने ।

(च) राहत सामग्रीहरूमा लाग्ने कर/भन्सार छुट, आयातमा सहजीकरण लगायत विषयमा नेपाल नागरिक उड्डयन प्राधिकरण, बन्दरगाह, भन्सार कार्यालय, मानवीय सहायतामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था र सम्बन्धित सरकारी निकायसँग सहयोग र सहकार्यका लागि समन्वय गर्ने।

(छ) आपत्कालीन गोदामघर र अन्य गोदाम घरका साथै आपत्कालीन सेवाहरू सञ्चालन गर्न प्रदेश सरकार, जिल्ला तह र स्थानीय तह तथा रेडक्रस लगायत विभिन्न संघसंस्थालाई आवश्यक सहयोग गर्ने र आवश्यकता अनुसार सहकार्यका लागि समन्वय गर्ने।

(ज) अन्तर्राष्ट्रिय मापदण्ड, मान्यताका साथै नेपालको भूगोल, सामाजिक, साँस्कृतिक र स्थानीय परिवेश सुहाउँदो उद्धार तथा राहत सामग्री र कार्गो सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने, गराउने।

(झ) उद्धार तथा राहत सामग्री ढुवानी गर्न दीर्घकालीन अनुवन्ध करार लगायतका आवश्यक प्रवन्धहरू गर्ने, गराउने।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(ञ) आपत्कालीन बन्दोबस्ती सहायता सामग्री परिचालन शृङ्खलाको प्रभावकारिताको लागि आवश्यक अन्य कार्यहरू गर्ने, गराउने।

(ट) कार्यकारी समितिको निर्देशन र सम्बद्ध निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रतिकार्यका लागि आवश्यक उद्धार तथा राहत सामग्री आपुर्ति शृङ्खलाको विकास तथा परिचालन गर्ने गराउने।

(ठ) आपत्कालीन गोदाम घरको सञ्चालन गर्न आवश्यक योजना तर्जुमा गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्ने।

(ड) आपत्कालीन गोदामघर सञ्चालनको लागि निर्दिष्ट फाराम र ढाँचाहरू तयार गरी लागु गर्ने।

(ढ) आपत्कालीन गोदाम घरमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि तालीम सञ्चालन गर्ने, गराउने ।

(ण) कार्यकारी समिति र मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) प्राधिकरणले प्रदेशस्तर, जिल्लास्तर र स्थानीय तहमा गोदाम सम्बन्धी सूचना प्रणालीलाई स्थानीयकरण गर्न आवश्यक सहयोग र समन्वय गर्नेछ।

**१७. सुरक्षा निकायको भूमिकाः**

(१) आपत्कालीन गोदाम घरको सञ्चालन प्रक्रियामा सुरक्षा निकायको भूमिका देहाय बमोजिम हुनेछ।

(क) आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकायको अनुरोधमा आपत्कालीन गोदामघरबाटसञ्चालित कार्गो र राहत सामग्री व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्ने।

(ख) प्राधिकरण, प्रदेश सरकार, जिल्ला र स्थानीय तहलाई मानवीय सहायताका लागि आपत्कालीन बन्दोबस्तीका सेवाहरू प्रभावकारी बनाउन सहयोग गर्ने।

(ग) आपत्कालीन गोदामघर सञ्चालन र बन्दोबस्ती प्रणाली सुदृढीकरण गर्न आवश्यक जनशक्ति विकास, संरचना निर्माण र अन्य क्षमता विकासमा प्राधिकरण, प्रदेश सरकार, जिल्ला र स्थानीय तहलाई आवश्यक सहयोग गर्ने।

**१८. संयुक्त राष्ट्रसंघीय निकायको भूमिकाः**

(१) आपत्कालीन गोदाम घरको सञ्चालन प्रक्रियामा राष्ट्रसंघीय निकायहरूको भूमिका देहाय बमोजिम हुनेछ।

(क) मानवीय सहायताका लागि उपलब्ध भएका खोज, उद्धार र राहतका सामग्रीहरू प्राधिकरणसँगको समन्वयमा आपत्कालीन गोदाम घरसम्म ल्याउने र राख्ने व्यवस्था गर्ने।

(ख) आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकायसँगको समन्वयमा कार्गो र राहत सामग्री व्यवस्थापनमा कर्मचारी र स्वयंसेवकहरू परिचालन गर्ने।

(ग) विपद् प्रतिकार्यका समयमा आवश्यकता अनुसार कार्गो व्यवस्थापन तथा बन्दोबस्तीका सेवाहरू प्रभावकारी बनाउन सहयोग गर्ने।

(घ) आपत्कालीन गोदाम घरका सामग्रीहरू विपद् प्रभावित स्थानमा परिचालन गर्दा सम्बन्धित स्थानसम्म पुऱ्याउन सहयोग गर्ने ।

(ङ) आपत्कालीन गोदामघर स्थापना र सञ्चालन एवम् बन्दोबस्ती प्रणाली सुदृढीकरण गर्न आवश्यक जनशक्ति, भौतिक संरचना निर्माण र अन्य क्षमता विकासमा प्राधिकरण, प्रदेश सरकार, जिल्ला र स्थानीय तहलाई सहयोग र सहकार्य गर्ने।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(च) आपत्कालीन गोदामघरमा तत्काल आपूर्ति गर्नुपर्ने राहत सामग्रीको खरिद एवं आपूर्तिमा सहयोग पुऱ्याउने।

**१९. आपत्कालीन गोदामघर प्रयोगकर्ता संस्थाको भूमिकाः**

(१) आपत्कालीन गोदाम घरको सञ्चालन प्रक्रियामा आपत्कालीन गोदामघर प्रयोग गर्ने संस्थाको भूमिका देहाय बमोजिम हुनेछः

(क) आपत्कालीन गोदाम घरमा आफ्ना खोज उद्धार तथा राहत सामग्रीहरूको भण्डारणमा सहयोग गर्ने।

(ख) आपत्कालीन् गोदामघर प्रमुखको संयोजकत्वमा आपत्कालीन गोदामघर प्रयोगकर्ता संस्थाहरूसँग नियमित बैठक छलफल गरी आवश्यक समन्वय गर्ने।

(ग) उद्धार तथा राहत सामग्री पठाउनु भन्दा पहिल्यै कार्गोको विस्तृत विवरण आपत्कालीन गोदाम घरमा पठाउने।

(घ) सामान ढुवानी गर्नुपूर्व प्राधिकरणले सञ्चालन गरेको गोदाम सम्बन्धी सूचना प्रणालीमा प्रविष्टि गर्ने र सोही अनुसारको राहत सामग्री मात्र परिचालन गर्ने।

(ङ) आपत्कालीन गोदाम घरसम्म राहत सामग्री ल्याउन र अर्को गन्तब्यसम्म लैजान ढुवानी गर्ने सवारी साधनको व्यवस्था, ढुवानी खर्च र कार्गोको लोड/अनलोडको व्यवस्थापन तथा समन्वय गर्ने।

(च) खोज, उद्धार तथा राहत सामग्रीको गुणस्तर कायम राख्ने। तोकिएको मापदण्ड बमोजिमको सामग्री नभएमा सुरक्षित विसर्जनको लागि सहयोग गर्ने।

(छ) आपत्कालीन गोदामघर सञ्चालन खर्चमा लागत साझेदारी गर्ने ।

(ज) अन्य गोदाम घरमा राखिएका सामग्रीहरूको प्राप्ति, भण्डारण र वितरणको विवरण विपद् पोर्टलको गोदाम इन्भेन्ट्रिमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने।

(झ) अन्य आपत्कालीन गोदामघरमा राखिएका सामग्रीहरूको प्राप्ति, भण्डारण र वितरणको विवरण प्राधिकरणले सञ्चालन गरेको गोदाम सम्बन्धी सूचना प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने।"

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## परिच्छेद - ६
## विविध

**२०. अन्य आपत्कालीन गोदामघर सञ्चालन तथा समन्वयः**

(१) रेडक्रस, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था रनिजी क्षेत्रले अन्य आपत्कालीन गोदामघर स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम स्थापना भई सञ्चालन हुने अन्य आपत्कालीन गोदामघर राष्ट्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा स्थानीयस्तर मध्ये कुन तहमा सञ्चालन हुने हो, संस्था स्वयंले स्वघोषणा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राष्ट्रिय स्तरमा सञ्चालन हुने अन्य गोदाम घरले प्राधिकरणमा, प्रदेशस्तरमा सञ्चालन हुने अन्य गोदाम घरले प्रदेशको विपद् हेर्ने मन्त्रालयमा, जिल्लास्तरमा सञ्चालन हुने अन्य गोदाम घरले जिल्ला प्रशासन कार्यालयमा र स्थानीयस्तरमा सञ्चालन हुने अन्य गोदाम घरले स्थानीय तहमा जानकारी गराइ मानवीय सहायता सामग्री गोदाम सम्बन्धी सूचना प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम गोदाम सम्बन्धी सूचना प्रणालीमा प्रविष्ट भएको मानवीय सहायता सामग्री अन्य गोदाम घरमा स्थानान्तरण गर्दा वा विपद् प्रभावित क्षेत्रमा वितरण गर्न अन्य आपत्कालीन गोदामघरबाट निकासी गर्दा अनिवार्य रूपमा निकासा खण्डमा प्रविष्टि गर्नुपर्नेछ ।

(५) मानवीय सहायताका सामग्री विपद् प्रभावित क्षेत्रमा वितरण गर्नु पूर्व अनिवार्यरूपमा सम्बन्धित स्थानीय तहमार्फत गोदाम सम्बन्धी सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

(६) रेडक्रस, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रले सञ्चालन गरेका अन्य गोदाम घरहरूले सम्बन्धित तहका आपत्कालीन गोदाम घरहरूबीच मानवीय सहायता सामग्री आपूर्ति शृंखला एवम् परिचालनमा समन्वय गर्नुपर्नेछ।

(७) कुनै व्यक्ति वा च्यारिटी संस्था वा निजी क्षेत्रका संघसंस्थाले मानवीय सहायता सामग्री उपलब्ध गराउन चाहेमा जुन विपद प्रभावित क्षेत्रमा सामग्री उपलब्ध गराउने हो त्यो तहको आपतकालीन आपत्कालीन गोदामघरमा मानवीय सहाता सामग्री जम्मा गर्न सक्नेछन्। त्यसरी उपलब्ध गराउने सामग्रीको वितरणका लागि जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गर्नु पर्नेछ र सामग्री दाखिला एवं वितरणको अभिलेख राख्ने व्यवस्था सम्बन्धित आपत्कालीन गोदामघर प्रमुखले गर्नु पर्नेछ।

**२१. ढुवानी व्यवस्थापनः**

(१) राष्ट्रिय आपत्कालीन गोदाम घरसम्म ढुवानी गर्ने जिम्मा प्राधिकरणको हुनेछ। यस कार्यका लागि प्राधिकरणले अन्य विभिन्न विकास साझेदार, साझेदार संस्था तथा निजी क्षेत्रको सहयोग लिन सक्नेछ।

(२) प्रदेश स्तरको आपत्कालीन गोदाम घरसम्म ढुवानी गर्ने जिम्मा सम्बन्धित प्रदेशको विपद् हेर्ने मन्त्रालयको हुनेछ। यस कार्यका लागि सम्बन्धित प्रदेशको विपद् हेर्ने मन्त्रालयले अन्य विभिन्न विकास साझेदार निकाय तथा निजी क्षेत्रको सहयोग लिन सक्नेछ।

(३) जिल्लास्तर र स्थानीयस्तरको आपत्कालीन गोदाम घरसम्म ढुवानी गर्ने जिम्मा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको हुनेछ। यस कार्यका लागि सम्बन्धित जिल्लास्तर र स्थानीयस्तरले अन्य विभिन्न विकास साझेदार निकाय तथा निजी क्षेत्रको सहयोग लिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा भनिएको भएता पनि जिल्ला विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषमा रकम अभावका कारण विपद् प्रभावित स्थानमा मानवीय सहायताका लागि खोज, उद्धार र राहतका सामग्री अपुग भएमा सम्बन्धित विपद् व्यवस्थापन समितिको बैठकले निर्णय गरी प्रदेशको विपद् हेर्ने मन्त्रालय र प्राधिकरणमा अनुरोध गरी पठाउन सक्नेछ।

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(५) उपदफा (४) बमोजिम प्रदेशको विपद् हेर्ने मन्त्रालय र प्राधिकरणले तत्काल विपद् प्रभावित स्थानमा मानवीय सहायताका लागि खोज, उद्धार र राहतका सामग्रीहरू पठाउनु पर्नेछ ।

(६) अन्य गोदाम घरमा भएका खोज, उद्धार र राहत सामग्रीहरू विपद् प्रभावित स्थानमा पठाउन सम्बन्धित संस्थाबाटै ढुवानीको व्यवस्थापन गर्नुपर्नेछ।

**२२. क्षतिपूर्ति तथा पुनर्भरणः**

(१) आपत्कालीन गोदाम घरमा रहेका सामग्रीको अभिलेखन, व्यवस्थित भण्डारण र परिचालनका लागि तयारी अवस्थामा राख्ने एवम् व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी आपत्कालीन गोदामघर प्रमुखले गर्नु पर्नेछ ।

(२) आपत्कालीन गोदाम घरमा रहेका खोज, उद्धार तथा राहत सामग्रीहरूमा व्यक्तिगत तथा व्यवस्थापकीय चरम लापरबाहीका कारण क्षति पुगेमा, हराएमा वा नाश भएमा, अभिलेख अनुसार मौज्दातमा नभएमा आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकायले सोको क्षतिपूर्ति तथा पुनर्भरण आपत्कालीन गोदामघर प्रमुख वा जिम्मेवारी लिएका व्यक्तिबाट गराउन सक्नेछ।

**२३. अभिलेख व्यवस्थापन र प्रतिवेदनः**

(१) गोदाम घरको प्रमुखले आपत्कालीन गोदामघर र अन्य गोदाम घरको कार्यसञ्चालन, सामानको निकासी पैठारी, भण्डारण मौज्दात समेतको अवस्थाको अभिलेख व्यवस्थापन र अवधि स्थितिको बारेमा सम्बन्धित आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकाय र आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्रतिवेदन गर्नुपर्नेछ ।

(२) विपद् प्रतिकार्यको अवधिमा आपत्कालीन गोदामघर प्रमुखले साप्ताहिक रूपमा वा सो भन्दा अगावै र सामान्य अवस्थामा चौमासिक रूपमा गोदाम सञ्चालन गर्ने निकाय र सम्बन्धित आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्रतिवेदन गर्नुपर्नेछ ।

(३) आपत्कालीन गोदामघर प्रमुखले आफ्नो आवधिक प्रतिवेदन आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकायले व्यवस्था गरेको वेभसाइटमा अपलोड गर्नुपर्नेछ ।

**२४. अनुगमन तथा मूल्याङ्कनः**

(१) आपत्कालीन गोदाम घरको सञ्चालन र व्यवस्थापनका समग्र पक्षको नियमित रूपमा अनुगमन र मूल्याङ्कन गरिनेछ। सामान्य अवस्थामा अनुगमन त्रैमासिक रूपमा र मूल्याङ्कन कम्तीमा वर्षको एक पटक गरिनेछ। आर्थिक वर्ष पुरा भएको एक महिना भित्र मूल्याङ्कन गरिनेछ। आपत्कालीन अवस्थामा सञ्चालन भएका अवधिमा साप्ताहिक वा आवश्यकता अनुसार दैनिक रूपमा समेत अनुगमन गर्न सकिनेछ।

(२) आपत्कालीन गोदामघर सञ्चालन गर्ने निकायले आपत्कालीन गोदामघर तथा राष्ट्रियस्तरमा सञ्चालन हुने अन्य गोदाम घरको प्राधिकरणले, प्रदेशस्तरमा सञ्चालन हुने अन्य गोदाम घरको प्रदेशको विपद् हेर्ने मन्त्रालयले, जिल्लास्तरमा सञ्चालन हुने अन्य गोदाम घरको जिल्ला प्रशासन कार्यालयले र स्थानीयस्तरमा सञ्चालन हुने अन्य गोदाम घरको स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(३) आपत्कालीन गोदाम घरको अनुगमन तथा मूल्याङ्कन गर्दा प्रचलित कानुन बमोजिम निर्दिष्ट ढाँचामा कामको प्रकृति अनुसारको अनुगमन मूल्याङ्कन गरी एकप्रति सुझाव सहितको प्रतिवेदन सम्बन्धित निकायमा र सम्बन्धित आपत्कालीन गोदामघर र अन्य गोदाम घर सञ्चालन गर्ने निकाय समेतलाई दिनुपर्नेछ।

(४) आपत्कालीन गोदामघर र अन्य गोदाम घरले अनुगमन, मूल्याङ्कनबाट प्राप्त राय सुझावलाई भावी कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ।

(५) अनुगमन, मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयन भए नभएको र नभएको भए हुन नसक्नुको कारण निवारण गर्नु आगामी अनुगमनको एउटा सूचक हुनेछ।

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

**२५. आपत्कालीन गोदामघर र अन्य गोदाम घरको साइनबोर्ड तथा अनुदानमा प्राप्त हुने सामग्रीहरूको दाता सङ्केत चिन्हः**
आपत्कालीन गोदामघर र अन्य गोदाम घरको साइनबोर्ड तथा गोदाम घरमा प्राप्त हुने तथा आपत्कालीन गोदामघरबाट वितरण हुने सामग्रीहरूको दाता सङ्केत प्राधिकरणले तोकेबमोजिम हुनेछ।

**२६. प्रचलित कानून बमोजिम हुने:**

(१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य भई प्रचलित कानून बमोजिम हुनेछ ।

**२७. यसै कार्यविधि बमोजिम गर्नु पर्ने:**

(१) आपत्कालीन गोदामघरको सञ्चालन तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम गर्नु पर्नेछ।

(२) कार्यकारी समितिले यस कार्यविधिमा आवश्यक संशोधन र थपघट गर्न सक्नेछ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख